मनाङ डिस्याङ गाउँपालिकाका अध्यक्ष कान्छा घलेज्यू द्वारा गाउँसभामा प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम

यस गरिमामय गाउँसभाका सभाध्यक्ष महोदय,
वडाध्यक्ष ज्यूहरु,
कार्यपालिका सदस्य ज्यूहरु
गाउँसभाका सदस्य ज्यूहरु,
विभिन्न कार्यालयका कार्यालय प्रमुख ज्युहरु,
कर्मचारी मित्रहरु, सञ्चारकर्मी, सुरक्षाकर्मी ज्यूहरु,
उपस्थित सम्पूर्ण महानुभावहरु,

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक निती तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित ठानेको छु । वार्षिक निती तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनुहुने सम्पुर्ण महानुभावहरुमा हार्दिक आभार सहित गाउँपालिकाको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपालको इतिहासको विभिन्न कालखण्डमा प्राण आहुती दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुको स्मरण गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प,समस्त गाउँपालिका बासीहरुले समृद्धिको चाहना र हामीले निर्वाचनको क्रममा नागरिक प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८१/८२ को निती तथा कार्यक्रमलाई अभिमुख गरेका छौं । यसका लागि दिगो विकासका लक्ष्यहरुलाइ स्थानीयकरण गदै गुणस्तरीय र आर्थिक विकासलाई टेवा पुग्न सक्ने पर्यटन,कृषि,जडीवुटी र पुर्वाधार : मनाङ डिस्याङ गाउँपालिकाको विकासको आधार लक्ष्य हासिल गर्न सार्वजनिक,निजी र समुदाय बीचको साझेदारी विकासमा जोड दिईनेछ ।

विश्व अर्थतन्त्रमा आएको मन्दीको प्रभाव सर्वत्र  परेको सर्व विधितै छ  । साथै देशको आर्थिक वृद्रिदरको मात्रामा कमी आई अर्थतन्त्रको स्थिति नकारात्मक रहेको  व्यहोरा सबैमा अवगत भएकै कुरा स्मरण गराउन चाहन्छु । जसको असरले संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तान्तरण र राजस्व बाँफाँडमा कमी आएको छ । यस विषम परिस्थितिमा सहयोग गर्नुहुने सबैमा म हार्दिक आभार व्यक्त गर्न चाहन्छु । वदलिदो परिस्थितिलाई आत्मसात गर्नुको विकल्प नरहेको व्यहोरा अनुरोध गर्दछु । साथै परिस्थितिले सोचे र खोजे जस्तो परिणाम तथा उपलब्धी हासिल हुन नसक्दो रहेछ भन्ने अनुभव पनि भएको छ । स्थानीय तहमा उपलब्ध स्रोत, साधनको उच्चतम प्रयोग, युवाहरुलाई कृषिमा जोड र पशुपालनका क्षेत्रमा उत्साहित गरी स्थानीय स्तरमा नै रोजगारीको सिर्जना गर्नु जरुरी छ । स्थानीय आर्थिक

विकासका कार्यक्रमलाई विशेष जोड दिनुपर्ने महशुश ठानेको छु । र स्थानीय राजस्वमा वृद्धि ल्याई विकासको गतिलाई तिव्र पार्नुपर्ने आवश्यकता रहेको छ ।

**विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती**

अवसरहरु : संविधानत अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई एकल र साझा अधिकार प्राप्त भएको अवस्था छ । स्थानीय तहबाट नै आफना अधिकार क्षेत्रका विषयमा ऐन, कानुन तर्जुमा, योजना तर्जुमाको अभ्यास, विभिन्न क्षेत्रका नीति निर्माण गर्न, स्रोतहरुको पहिचान गरी आर्थिक विकासको दायरा फराकिलो पार्ने र नागरिकहरुको समृद्धि वृद्धि गर्ने अवसर उपलब्ध हुनु ।

चुनौतीहरु : सीपमुलक रोजगार उन्मुख गुणस्तरीय शिक्षाको विकास गर्नु, कृषि क्षेत्रमा व्यवसायिकरण युवा जनशक्तिलाई कृषि व्यवसाय प्रति आकर्षित गर्नु , वैज्ञानिक, जलवायु उत्थानशील तथा व्यवहारिक एवम् उपयुक्त भु- उपयोग योजना तर्जुमा, संचार सेवा प्रदायक संस्थाहरुबाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्नु , विधुत सेवालाई भरपर्दो बनाउनु , प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थको मापदण्ड अवलम्बन गरी अत्याधिक दोहन रोकी आन्तरिक राजस्वमा वृद्धि गर्नु ।

सभाध्यक्ष महोदय,

स्थानीय तह गठन पछिको पाँचौ बर्ष तथा एक कार्यकाल समाप्त भई स्थानीय तह सदस्य निर्वाचन २०७९ सम्पन्न भई पुन : दोस्रो कार्यकालका लागि निर्वाचित गराई यस गाउँपालिकाको आठौं नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्रदान गर्नु भएकोमा आम गाउँपालिकाबासीहरुमा आभार व्यक्त गर्न चाहान्छु । जुन गहन जिम्मेवारी दिनु भएको छ त्यो पूरा गर्ने प्रतिबद्धता जाहेर गर्न विभिन्न कारणले खोजे र सोचे जस्तो उपलब्धी गर्न नसकेतापनि विभिन्न ऐन, कानून, कार्यविधिहरु निर्माण ,विभिन्न महत्वपूर्ण पूर्वाधारका योजना सम्पन्न भएका साथै गाउँपालिकाले आफ्नै प्रशासकीय भवनबाट सेवा प्रवाह गरिरहेको व्यहोरा अवगत गराउन चाहान्छु । साथै भण्डार शाखा सम्पन्न भईसकेको र सभाहल निर्माणको काम अन्तिम चरणमा रहेको र कार्य तिव्रताका साथ भईरहेको व्यहोरा अवगत गराउन चाहन्छु । त्यस प्रश्चात सेवा प्रवाहको कार्यमा सहजता भई सेवा प्रवाह छिटोछरितो र प्रभावकारी हुने अपेक्षा गर्दछु ।

सभाध्यक्ष महोदय,

चालु आ.व.का योजना तथा कार्यक्रमहरु पनि करिब करिब सम्पन्न हुने अवस्थामा रहेका, विगतमा स्वास्थ्य, कृषि तथा पशु सेवामा जनशक्तिको अभावका कारण यस क्षेत्रमा सेवा प्रवाहमा समस्या भई प्रदेश लोक सेवामा जनशक्ति माग भएकोमा अधिकाँश जनशक्ति पदपूर्ति भएको र केही सेवामा करार सेवा मार्फत कर्मचारी पदपुर्ति गरिएको साथै अन्य रिक्त पदमा निरन्तर पहल गरिदै लगिने व्यहोरा जानकारी गराउन चाहान्छु । सबै क्षेत्रमा आवश्यक पर्ने जनशक्तिको सुनिश्चितता गराउने प्रयास गरिदै लगिने छ ।

सभाध्यक्ष महोदय,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ र ६६ बमोजिमका राजश्व परामर्श समिति र स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको सिफारिसको आधारमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाडँफाडबाट प्राप्त हुने रकम, अनुदान, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण, प्राप्त मार्गदर्शनमा रही दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिको तर्फबाट गाउँ कार्यपालिकाबाट स्वीकृत तपशील बमोजिमको आगामी आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

**गाउँपालिकाका नीति तथा कार्यक्रम र बजेटका प्राथमिकताहरु**

अब म गाउँपालिकाका प्राथमिकता तथा आगामी बजेटका सिद्धान्तहरु प्रस्तुत गर्न चाहान्छु ।

- हाल विश्वमा आर्थिक मन्दीको अवस्था रहेको अवस्था विद्यमान छ । अर्थतन्त्रलाई गतिशील बनाई जनताको जीवनस्तरमा सुधारोन्मुख बनाई आत्मनिर्भरता कायम गर्नु, बहुपक्षीय साझेदारी वृद्धि गरी विकासका कामलाई निरन्तरता दिनु, वातावरणमैत्री दिगो विकास गर्नु ,विपद जोखिम व्यवस्थापनलाई र लैगिक उत्तरदायी क्रियाकलाप र बजेट विनियोजन गर्ने सेरोफेरोमा गाउँपालिकाका प्राथमिकता, गाउँपालिकाले अबलम्वन गर्ने नीति, कार्यक्रम तथा बजेटका प्राथमिकताहरु देहाय बमोजिम हुनेछन् ।
- विकास निर्माणका योजना तथा कार्यक्रमलाई विपद जोखिम व्यवस्थापनसँग जोडिने र जोखिम न्युनीकरण गर्ने
- मनसुन जन्य विपदबाट भएका भौतिक संरचनाको पुनर्निमाण गर्ने
- प्रभावित अर्थतन्त्रलाई सुधार्न पर्यटन र कृषि क्षेत्रमा नतिजा आउने गरी कार्यान्वयनमा जोड दिइने दुवै क्षेत्रमा रोजगारी सिर्जनामा जोड दिईने ।
- पूर्वाधार विकासलाई उप्पादनसँग जोड्ने ।
- आर्थिक आत्मनिर्भरता बृद्धिमा जोड दिने ।
- साझेदारी विकास नीति अवलम्बन गर्ने ।
- विकास लगायत अन्य क्षेत्रमा स्थानीय तहबीच सहकार्य गर्ने ।
- स्थानीय आर्थिक विकासका क्षेत्रहरुको पहिचान गरी उक्त क्षेत्रहरुमा नागरिकहरुलाई प्रोत्साहित गरिने ।

आगामी आ.व. २०८१/०८२ को बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा देहायका बिषयहरुलाई आधार मानिएको छ ।

- नेपालको संविधान र नेपाल सरकारको नीति तथा कार्यक्रम
- राष्ट्रिय आवधिक योजना, गण्डकी प्रदेशको आवधिक योजना र मनाङ डिस्याङ गाउँपालिकाको आवधिक योजना २०८१
- प्रादेशिक नीति तथा कार्यक्रम

- दीगो विकास र अर्न्तसम्बन्धित बिषयहरु
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का प्रावधानहरु
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७४ को व्यवस्थाहरु
- मनाङ डिस्याङ गाउँपालिकाको मध्यमकालिन खर्च संरचना २०८१

बजेट तथा योजना प्राथमिकीकरणका आधारहरु

- वडाहरुबाट सिफारिस भई आएका जनतालाई प्रत्यक्ष सेवामा सहयोग गर्ने योजना तथा कार्यक्रमहरु
- राष्ट्रिय तथा  स्थानीय प्राथमिकताका बिषयहरु
- राजश्व बृद्धिमा सहयोगी हुने कार्यहरु
- विकास तथा समृद्धिमा योगदान पुऱ्याउने क्षेत्रहरु
- दिगो पूर्वाधार विकासमा सहयोग पुऱ्याउने योजना तथा कार्यक्रमहरु
- वातावरण संरक्षण, मानव संशाधन विकास र सन्तुलित विकासमा टेवा पुऱ्याउने बिषयहरु

प्रस्तुत नीति योजना तथा कार्यक्रमको सफलतापूर्वक कार्यान्वयन तथा लक्षित उपलब्धिहरु प्राप्त गर्न देहाय बमोजिमका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

## १.स्वास्थ्य,विपद व्यवस्थापन तथा राहत सम्बन्धि नीति

- सबै वडाहरुमा रहेका स्वास्थ्य संस्था(आधारभूत स्वास्थ्य केन्द्र)हरुलाई आवश्यकीय स्रोत साधन उपलब्ध गराई  स्वास्थ्य सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने नीति अबलम्बन गरिने छ ।
- विगत  आ.व.मा मनसुन जन्य विपदबाट क्षति पुगेका भौतिक संरचनाहरुको मर्मत सम्भारको कार्य भईरहेको निजी क्षेत्रका  संरचनाका लागि क्षतिको विवरण संकलन गरी राहतका लागि सम्बन्धित निकायमा पहल भईरहेको साथै यसमा निरन्तरताको कार्यलाई अगाडि बढाइने छ ।
- गाउँपालिका क्षेत्रभित्र जनस्वास्थ्य सेवालाई भरपर्दो, नागरिकमैत्री बनाउन आवश्यक परिमाणमा औषधी तथा स्वास्थ्य सामाग्री निशुल्क वितरणको व्यवस्थालाई निरन्तरता दिइनेछ । साथै स्वास्थ्य क्षेत्रमा नवप्रवर्नात्मक कार्यक्रमको थालनी गरिने छ ।
- चालु आ.व.को प्रारम्भदेखि नै हुम्डे स्वास्थ्य चौकीमा भिडियो एक्सरे, एक्सरे, ई.सि.जी. सेवा तथा ल्याव सम्बन्धी सेवा सुरुवात गरिएको छ । साथै हुम्डे स्वास्थ्य चौकीलाई ५ शैयाको अस्पतालको रुपमा विकास गर्न पूर्वाधार निर्माण कार्य आरम्भ गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाको संस्थागत सुदृढीकरणमा जोड दिइने छ ।
- गाउँक्षेत्रमा आईपर्ने विपद जोखिमको क्षतिलाई न्यूनीकरण गर्न प्रकोप न्यूनीकरण सम्बन्धि चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ । विपद सम्बन्धि पूर्वसूचना प्रणाली, प्रविधिहरुको

प्रयोग, लगायत विभिन्न विपद  पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।

- विपदबाट जनधनको क्षति व्यहोरेका नागरिकलाई तत्काल राहतका लागि  बजेट व्यवस्था गरी उचित सहयोग गर्ने नीति लिइनेछ ।
- विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत सबै स्वास्थ्य संस्थाहरुका प्राविधिकहरुलाई स्थानीय वडाका विद्यालयहरुमा स्वास्थ्य शिक्षा अभिमुखिकरण प्रदान गर्ने, वडाका स्वास्थ्य संस्थाबाट नियमित रुपमा विद्यालय भिजिटको व्यवस्था मिलाइनेछ ।
- गाउँघर क्लिनिक मार्फत आमनागरिकहरुको टोलमा पुगी प्रेशर, सुगर लगायतका स्वास्थ्य परीक्षण गर्ने नीति लिइनेछ ।
- स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति, स्वास्थ्य कर्मीहरु, महिला सामुदायिक स्वयंसेविकाहरुको क्षमता अभिवृद्धिको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका भित्रका सम्पूर्ण विद्यालय उमेरका किशोरीहरुलाई निशुल्क स्यानीटरी प्याडको व्यवस्था गरिनेछ ।
- मातृ तथा नवजात शिशु कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- परिवार नियोजन, किशोर किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गतको सुत्केरी तथा गर्भवती महिलाको हवाई उद्धारको कार्यलाई समन्वयात्मक ढंगले कार्यान्वयन गरिनेछ । जसले गर्दा सुत्केरी तथा गर्भवती  महिलाको अकालमा ज्यान जान दिइनेछैन ।
- विपन्न नागरिक तथा जेष्ठ नागरिकको हकमा सहुलियतको व्यवस्था मिलाइनेछ र उक्त कार्यको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- असाहय गबि दिर्घ रोगीहरुलाई आर्थिक सहयोग वापत रु.५००००/(पचास हजार)दिने व्यवस्था गरिएको छ ।
- तिलिचो बेस क्याम्पमा Basic Health Center संचालनबाट यस क्षेत्रमा घुम्न आउने पर्यटकहरुले लाभ हासिल गरिरहेको व्यहोरा अवगत गराउन चाहान्छु । साथै आगामी दिनहरुमा यस सेवालाई थप प्रभावकारी बनाईने छ ।
- जेष्ठ नागरिक तथा दिर्घ रोगीहरुलाई निशुल्क औषधी वितरणलाई निरन्तरता दिईनेछ ।
- जेष्ठ नागरिकहरुको ज्ञान,सिप र अनुभवलाई युवा पुस्तामा हस्तान्तरण गर्न वडा वडाहरुमा युवासँग जेष्ठ नागरिक कार्यक्रम संचालन गरी हरेक क्षेत्रका विकासका आयामसँग उनीहरुको ज्ञान,सिप र अनुभवलाई जोडिनेछ ।
- स्वास्थ्य पहुँचको लागि एम्बुलेन्सको व्यवस्था गरी संचालनमा ल्याईनेछ ।

**२.अर्थतन्त्रको पुर्स्थापना तथा वैकल्पिक रोजगार प्रवर्द्धन र स्वरोजगार कार्यक्रम**

- पर्यटन व्यवसायी तथा यस क्षेत्रमा कार्यरत मजदुरहरुको आय र रोजगारीमा परेको प्रभावलाई कम गरी आगामी दिनमा पर्यटन व्यवसायीलाई पुनर्जीवन दिनका लागि पर्यटन प्रर्वद्धनका विभिन्न कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । यसका लागि पर्यटकहरुलाई आकर्षक कार्यक्रम ल्याई सर्बप्रथम आन्तरिक पर्यटन प्रर्वद्धन गर्न पर्यटक प्याकेज कार्यक्रमहरु संचालन गर्न स्थानीय व्यवसायीहरुलाई उत्प्रेरित गरिनेछ र सोको सहजीकरण तथा समन्वयकर्ताको भूमिका गाउँपालिकाले निर्वाह गर्ने व्यहोराको सुनिश्चितता गराउन चाहान्छु ।
- पर्यटकहरुलाई आर्कषित गर्न विशेष कार्यक्रमहरु अवलम्बन गरिनेछ साथै यस क्षेत्रका सम्भावनाहरुको खोजी गरिनेछ ।
- स्थानीय आर्थिक विकासका सम्भावनाहरुको पहिचान र व्यवसायिक परिचालनका लागि विशेष पहल गरिनेछ ।
- प्रभावित पर्यटन व्यवसायलाई पुनर्जीवन दिन नजिकका स्थानीय पालिका, पर्यटन सम्बद्ध संघसंस्थाहरु, तथा नीजि र अन्य सार्वजनिक क्षेत्रसँगको सहकार्य र समन्वयलाई विशेष ध्यान दिई समन्वयात्मक ढंगले कार्यक्रमहरु संचालन गरिनेछ ।
- अनलाइन पर्यटन सूचना प्रणालीलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- पर्यटन व्यवसायलाई जीवन्त राखी कृषि र पशुपालन व्यवसायलाई वैकल्पिक पेशा र व्यवसायबाट व्यावसायीक रुपमा रुपान्तरण गरिनेछ र यसका यी क्षेत्रमा आर्कषक प्याकेज कार्यक्रम संचालनका लागि उचित बजेट विनियोजन गरिनेछ । कृषकहरुलाई अनुदान,निशुल्क बिउविजन वितरण,कृषिमा आधुनिक प्रविधिहरुको प्रयोगका साथै पशुपालनको क्षेत्रमा विशेष अनुदान र सहुलियतका कार्यक्रमका लागि बजेट व्यवस्था गरिने साथै वितरित अनुदान उचित कार्यमा प्रयोग भए नभएको प्रभावकारी अनुगमन गरिनेछ । ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरी रोजगारी बृद्धि गर्नका लागि स्थानीय रोजगार रणनिती तयार भईसकेको र आगामी आ.व. बाट कार्यान्वियनमा ल्याईनेछ ।
- बालश्रम मुक्त स्थानीय तह घोषणा गर्नका लागि आवश्यक निती तथा कार्यक्रम ल्याईनेछ ।

**३. भौतिक पूर्वाधार विकास नीति**

- योजनावद्ध विकासका कार्यहरुलाई प्राथमिकताको आधारमा कार्यान्वयन गरिनेछ ।
- पुर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा पिछाडिएका र कम विकसित क्षेत्रहरुलाई प्राथमिकता दिईनेछ । यस क्षेत्रका योजना निर्माणका क्रममा लागत-लाभ विश्लेषण गरी प्रतिफल दिने,समतामुलक विकासमा टेवा दिनेलाई जोड दिईनेछ ।
- ठूला लगानी आवश्यक पर्ने र पालिकाको बजेट अपर्याप्त हुने खालका महत्वपूर्ण र गौरवका योजनाहरुको संचालनका लागि प्रदेश,संघ तथा नीजि क्षेत्रसँग सहकार्य गर्ने नीति अबलम्बन गरिनेछ ।

- पालिकाबाट संचालन हुने योजनाहरु उपभोक्ता समिति सम्बन्धि कार्यविधिको ज्ञान भएका समितिहरुलाई निर्माण र कार्यान्वयनमा संलग्न गराई निर्माणमा गुणस्तरियता कायम गरिने नीति अबलम्बन गरी गरिनेछ ।
- पालिकाबाट संचालन गरिने योजनाहरुको सम्झौता अनिवार्य मंसिर महिनाभित्र गरिसक्नुपर्ने नीति अबलम्बन गरिनेछ ।
- पालिकाभित्रका शाखा सडक, पर्यटकीय मार्ग मर्मत सुधारमा विशेष प्राथमिकता दिईनेछ । भौतिक पूर्वाधारको निर्माणलाई उत्पादनसँग जोडने प्रयासका साथ कार्य गरिनेछ ।
- पालिका क्षेत्रभित्र स्वच्छ र शुद्ध खानेपानी नपुगेका क्षेत्रहरुमा खानेपानीको सहज पहुँचको व्यवस्था गरिनेछ ।
- पालिकाको आफनै प्रशासकीय भवनबाट सेवा प्रवाह भएको साथै गाउँ पालिकाको सभा हल निर्माणको कार्य अन्तिम चरणमा रहेको र आवश्यक थप संरचनाहरुको निर्माणको लागि सम्बन्धित निकायहरुमा बजेट व्यवस्थाका लागि पहल गरिनेछ ।
- भौतिक पूर्वाधार निर्माणमा उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरुमा अनिवार्य लागत सहभागिताको नीतिलाई अबलम्बन गरिनेछ ।
- साझेदारी कार्यक्रम संचालनमा पर्यटन पूर्वाधार, उत्पादन, धर्म संस्कृति तथा चेतनामूलक कार्यक्रम तथा योजनाहरुमा प्राथमिकता दिइनेछ ।
- DPR तयार भई सकेका योजनाहरुको कार्यान्वयनका लागि सम्बन्धित निकायहरुमा आवश्यक बजेट विनियोजनका लागि पहल गरिनेछ ।
- पर्यटनका क्षेत्रमा आवश्यक पर्ने भौतिक संरचना लगायतका सुविधा उपलब्ध गराई पर्यटक आर्कषणका नीति अबलम्बन गरिनेछ ।
- संघ र प्रदेशका समपुरक, विशेष र सर्शत अनुदानका पुँजीगत कार्यक्रमहरु ठेक्का मार्फत गरिनेछ ।

**४.शिक्षा सम्बन्धि नीति**

- विगतमा कोभिड–१९ का कारण शैक्षिक क्षेत्रमा नकारात्मक असर परेकोमा पछिल्लो समय संक्रमण न्यून भएका कारण विद्यार्थीहरुको पठनपाठन सहज रुपमा संचालन भएको छ । खस्किएको शैक्षिकस्तर उकास्न उचित बजेट र कार्यक्रम संचालन गरिनेछ ।
- विद्यालयबाट विभिन्न क्षेत्रका विभिन्न प्रतिस्पर्धामा सहभागिताका लागि भाग लिन जाने सहभागीहरुलाई प्रोत्साहन र सम्मान गरिनेछ ।
- शैक्षिक प्रणालीमा रुपान्तरण ल्याउन स्थानीय पाठ्यक्रमको निर्माण गरी अध्ययन, अध्यापन गराईनेछ ।
- विद्यार्थी संख्या कम भएका विद्यालयहरुमा विद्यार्थी संख्या बढाउनका लागि सहुलियतका कार्यक्रम संचालनका लागि बजेटको व्यवस्था गरिनेछ ।

- विद्यालयहरुको भौतिक पूर्वाधार र सुविधाहरुको न्यूनतम मापदण्ड निर्माण गरी उक्त मापदण्ड अनुसार विद्यालय विकास गरिने साथै सबै विद्यालयहरुमा इन्टरनेटको पहुँच पुऱ्याइने नीति अबलम्बन गरिनेछ ।
- समग्र शैक्षिक प्रशासनलाई व्यवस्थित गर्न गाउँ शिक्षा ऐन तथा नियमावली ,गाउँ शिक्षा योजना र आवश्यक कार्यविधि तथा मापदण्डहरु तयार गरी लागू गरिनेछ ।
- शिक्षाको पहुँचमा सबै बालबालिकालाई ल्याउन बिशेष कार्यक्रम संचालन गरी अभिभावक शिक्षालाई विस्तार गरिनेछ ।
- सबैका लागि शिक्षा र गुणस्तरीय शिक्षाको प्रत्याभूति दिदै यस क्षेत्रमा घटदै गईरहेको विद्यार्थी संख्यालाई बृद्धि गर्न बिशेष पहल गरिनेछ ।विद्यार्थीहरुको चौतर्फी विकासका लागि अतिरिक्त क्रियाकलाप संचालन गर्न अन्तर विद्यालय खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।
- विद्यालय शिक्षक शिक्षिकाहरुका लागि क्षमता अभिवृद्धिका लागि मागमा आधारित क्षमता विकास तालिम संचालन गर्ने तथा प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरुलाई इमान्दार, नैतिकवान र कर्तव्यनिष्ठ बन्ने वातावरण बनाइनेछ ।
- विद्यालय व्यवस्थापनका लागि आवश्यक पर्ने विभिन्न तालिमहरुको व्यवस्था गरी सुशासनमा कायम गर्ने नीति अबलम्बन गरिनेछ ।
- बाल अधिकार संरक्षण तथा बालबालिकाको क्षमता अभिवृद्धिका प्रभावकारी कार्यक्रम, बालविकास सहजकर्ता तालिमको संचालन , बालमैत्री भौतिक संरचना निर्माण गरी बालमैत्री गाउँपालिका बनाइनेछ ।
- आवश्यकताका आधारमा शैक्षिक क्षेत्रका मागलाई सम्बोधन गरिनेछ ।

### ५.कृषि, पशुपालन तथा सहकारी सम्बन्धि नीति

- कृषि क्षेत्रको उत्पादकत्व वृद्धिका लागि कृषक, कृषक समूहहरुलाई आधुनिक तालिमहरु उपलब्ध गराई आत्मनिर्भर बनाउने नीति अबलम्वन गरिनेछ ।
- अर्गानिक उत्पादन तर्फ जोड दिनको लागि पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र थप स्याउ पकेट क्षेत्रहरुको विकास गरी स्याउ खेती गर्ने किसानहरुलाई स्याउको विरुवामा अनुदान र प्राविधिक सहयोगका लागि सहजीकरण गरिनेछ ।
- पहिचानमा आएका स्याउ, आलु र फापर पकेट क्षेत्रहरुको आवश्यक व्यवस्थापन गर्न प्रदेश र संघ सरकारसँग सहकार्य गरिनेछ ।
- स्याउ भण्डारण तथा प्रशोधन केन्द्रको स्थापनाको लागि बिशेष व्यवस्था गरिनेछ ।
- प्रधानमन्त्री कृषि आधुनिककिरण कार्यक्रमको उद्देश्य बमोजिम पकेट, ब्लक, जोन र सुपर जोनको अवधारणा बमोजिम सघन बाली उत्पादन प्रशोधन र बजारीकरण कार्यमा संलग्नलाई संघ र प्रदेशमा जोडिदिन प्रोतसाहनको नीति अबलम्वन गरिनेछ ।

- बेरोजगारहरुलाई लक्षित गरी कृषि तथा पशुपालन व्यवसायमा लाग्न प्रोत्साहन गरिनेछ ।
- पशुपालन क्षेत्रमा परिवर्तन ल्याउनका  लागि पशु घुम्ती शिविरको व्यवस्था गरिनेछ ।
- Snow leopard conservation को लागि बजेटको व्यवस्था गरिनेछ ।
- पशुपालन क्षेत्रमा प्रभावकारीता ल्याउन UMMB  खरिद गर्नको लागि बजेटको व्यवस्था गरिनेछ ।
- पशुपंक्षीमा लाग्ने महामारी रोग नियन्त्रणका लागि निशुल्क खोप तथा आवश्यक पर्ने औषधीहरुको व्यवस्था गरिनेछ ।
- पशुको लागि घाँसको बिउ र बिरुवामा अनुदानको व्यवस्था गरिनेछ ।
- कृषि उपजको यथोचित मूल्य कायमका लागि कृषक समूह, कृषि सहकारी र उद्यमीहरु मध्येबाटै बजार समिति गठन गरी स्थानीय उत्पादनको बजारीकरणको पहल गरिनेछ ।
- कृषि उपजको बजारीकरण, उत्पादित सामाग्रीहरुको भण्डारण तथा ढुवानीमा नीजि तथा सहकारी संस्थाहरुलाई उत्प्रेरित गर्ने कार्यमा संघ र प्रदेशसँग समेत सहकार्य गरिनेछ ।
- तरकारी र स्याउमा आत्मनिर्भर बनाउने उद्देश्यकासाथ बिउबिजन  तथा लोकल स्याउका बिरुवा निशुल्क रुपमा वितरण गरिने र कृषि औजार तथा उपकरणमा बिशेष अनुदान दिने व्यवस्था मिलाइनेछ ।
- कृषकहरुको दक्षता वृद्धिको लागि आधुनिक तालिम तथा गोष्ठीहरु संचालन गरिनेछ ।
- कृषि तथा पशु क्षेत्रलाई सहकारीसँग आवद्ध गराई लगिनेछ । कृषकहरुलाई सहकारीमा आवद्ध गराउन प्रेरित गरिनेछ ।
- कृषि उत्पादनका बृद्धि गर्न सिंचाईको व्यवस्था र पशुहरुको लागि चरण साथै खानेपानीको व्यवस्था गरिनेछ ।
- फलफुल बगैचा व्यवस्थापनको लागि निलोतुथो वितरणका लागि  बजेटको व्यवस्था गरिनेछ ।
- बाली संरक्षण सामग्रीको लागि बजेटको व्यवस्था गरिनेछ ।
- गर्भवती महिलाहरुलाई लक्षित गरी सुनौला हजार दिन कार्यक्रमको लागि बजेटको व्यवस्था गरिनेछ ।
- कृषि योग्य जमिनको खोजी गरी उपयोगमा नआएका तथा बाँझो जमिनमा कृषि खेती गर्न युवा लक्षित सहकारी तथा सामुदायिक खेती प्रणालीलाई प्रोत्साहित गरी उत्पादन वृद्धि गर्न भुमिको चकलाबन्दीलाई प्रोत्साहित गरिनेछ ।
- उत्पादन साथमा अनुदान हातमा भन्ने मुलमन्त्रलाई आत्मसात गरेर अगाडी बढ्ने निती अवलम्बन गरिनेछ ।

## ६. उद्योग वाणिज्य तथा बजार व्यवस्था

- उद्योग, व्यापार तथा अन्य जुनसुकै व्यवसायलाई अनिवार्य दर्ता गराउन र नविकरण नगरिएकालाई नविकरण गर्न गराउन सहजीकरण गरिनेछ । साथै दर्ता भएका व्यवसायलाई अनुदान दिने व्यवस्थालाई  निरन्तरता गरिनेछ ।
- व्यापार, व्यवसाय, पसल तथा होटल संचालकहरुले अनिवार्यरुपमा मूल्यसूची सबैले देख्ने ठाउँमा राख्नु पर्ने व्यवस्था मिलाइनेछ साथै बजार अनुगमन समय समयमा गरिने छ ।
- बजार अनुगमनलाई व्यवस्थित गरी समय - समयमा बजार अनुगमन गरी उपभोक्ता अधिकार सुनिश्चित गरिनेछ ।

**७.पर्यटन विकास, वातावरण तथा सरसफाई नीति**

- मुख्य पेशाको रुपमा रहेको पर्यटन क्षेत्रको दिगो विकासका लागि सक्दो प्रयास गरिनेछ ।
- वाह्य तथा आन्तरिक पर्यटक आकर्षित गर्न यस क्षेत्रमा अध्ययन, अनुसन्धान गरी आवश्यक व्यवस्था मिलाइनेछ ।
- विगतको बाढी पहिरोबाट पुरिएको गंगापूर्ण माललाई साविककै अवस्थामा ल्याई थप आर्कषणको गन्तव्य बनाउन गाउँपालिका, प्रदेश र संघसँग साझेदारी बढाइनेछ ।
- पालिका भित्रका गुम्बाहरु, ऐतिहासिक तथा धार्मिक स्थलहरु  मिलरेपा गुफा, ऐतिहासिक घले राजाको दरवार, ने गुफा,स्वर्गद्वारी, ढिकुर पोखरी, आइसलेक,ग्रीन लेक लगायत अन्य स्थलहरुको विकास र संरक्षणमा जोड दिइनेछ ।
- सर्वाधिक महत्व बोकेको पर्यटक आर्कषण गर्न भूमिका खेल्ने तिलिचो ताल, थोराङला पासको विकासका लागि जोड दिइनेछ ।
- पालिका क्षेत्रका सबै बस्तीहरुलाई समेटी वैकल्पिक पदमार्ग निर्माणलाई पर्याप्त बजेटको व्यवस्था गरिनेछ
- गत आ.व.मा गाउँपालिकाको डकुमेन्ट्री निर्माण भई सकेको हुँदा यसले पर्यटन प्रर्वद्धनमा सहयोगी भूमिका खेल्ने अपेक्षा गरिएको छ ।
- पालिका क्षेत्रभित्र प्राय सबै ठाउँहरुमा अव्यवस्थित रुपमा छरिएको फोहोरलाई व्यवस्थित गर्न बजेटको व्यवस्था गरिनेछ । यसको व्यवस्थापनको लागि आमनागरिकको सहयोगको अपेक्षा गरेको छु ।
- पिसाङ, घ्यारु, ङावल, मुङजेहुदै मनाङ जाने मोटरबाटोलाई बैकल्पिक सडकको रुपमा विकास र विस्तार गरिदै लगिनेछ ।
- गाउँपालिका क्षेत्रमा आवश्यक पर्ने स्थानहरुमा वाताबरण संरक्षणका लागि वृक्षारोपण, सरसफाईका कार्यक्रम संचालन गरिनेछ ।
- आगामी आ.व. देखि मनाङ डिस्याङ गाउँपालिकाभित्रका गुम्बाहरु, ऐतिहासिक तथा धार्मिक स्थलहरु, पर्यटकीय स्थलहरुको जानकारी प्रविधी (QR System) द्वारा लिन सकिने व्यवस्था मिलाईनेछ ।

**८. राजश्व र वित्तीय व्यवस्थापन सम्बन्धि नीति**

- आर्थिक ऐनले निर्दिष्ट गरेका कर, दस्तुर, सेवा शुल्कबाट पालिकाको आयस्रोत बृद्धि गरिनेछ ।
- वडाहरुबाट राजश्व इन्ट्री गर्न मिल्नेगरी सफ्टवयर संचालन गरिनेछ ।
- गाउँपालिका भित्र संचालन भएका सबै पेशा व्यवसायलाई करको दायरामा ल्याई आयस्रोत वृद्धि गरिनेछ ।
- प्राकृतिक स्रोत साधनको उपयोग, बिक्री वितरण तथा उत्खननमा हाल ठेक्का प्रणालीमा गएकोले यस क्षेत्रको राजश्व प्राप्तिमा योगदान रहने अपेक्षा लिइएको छ ।
- करको दायरा बढाउन अध्ययन गरि राजश्व प्राप्तिका स्रोतहरुको खोजी गर्नुका साथै यस क्षेत्रमा संलग्न जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ ।
- चालु खर्चमा मितव्ययिता अपनाइने छ ।
- बेरुजु फछ्र्योटको कार्यलाई तिव्रता दिइनेछ ।

### ९. सुशासन सम्बन्धि नीति

- सेवा प्रवाहलाई छिटो ,छरितो, सरल, सहज र नागरिकमैत्री बनाउन जनशक्ति विकासमा जोड दिइनेछ ।
- कार्यालय समय, आचरण, अनुशासन जस्ता कुराहरुमा ध्यान दिई नागरिकको सेवामा समर्पित हुने वातावरण बनाइनेछ ।
- गाउँपालिकाबाट सम्पादित सबै कामको प्रगति विवरण, खर्च बेभसाइट मार्फत निर्धारित समयमा सार्वजनिक गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र संचालन हुने सबै विकास निर्माण लगायत सेवा प्रवाहका कार्यहरुको नियमित रुपमा अनुगमन गरिनेछ ।
- योजनाहरुको सामाजिक परीक्षण, खर्च सार्वजनिकरण, सार्वजनिक सुनुवाई, सूचना पाटी, नागरिक वडापत्रको व्यवस्था,अर्धबार्षिक बार्षिक समिक्षा गरी पृष्ठपोषणको व्यवस्था मिलाइनेछ ।
- स्थानीय तहमा आवश्यक पर्ने ऐन, कानून, नियम, निर्देशिका,मापदण्डहरु निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई प्रभावकारी बनाउन जनशक्ति विकासमा जोड दिइनेछ ।
- न्यायिक समितिलाई प्रभावकारी बनाई विवादको मेलमिलापमा सहजीकरण गरिनेछ ।
- न्याय प्रणालीलाई स्वच्छ, निष्पक्ष न्यायमैत्री बनाउनका लागि स्थानीय न्यायिक कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याईनेछ ।
- चालु आ.व.मा सबै वडाहरुका चोक तथा बजार क्षेत्रमा सोलार बत्ती जडान गरिसकिएको छ साथै प्रत्येक वस्तीमा सडक बत्ती जडान गरी झिलीमिली पारिनेछ ।

- गाउँपालिकाका सबै शाखाहरुमा आवश्यक पर्ने स्रोत साधनको प्रर्याप्त व्यवस्था गरी प्रभावकारी सेवा प्रवाह उपलब्ध गराउने वातावरण मिलाइनेछ । यसमा प्रभावकारी भूमिका खेली नतिजा दिन कर्मचारी साथीहरुलाई आग्रह गर्न चाहान्छु ।

सभाध्यक्ष महोदय, संघीयता लागू भए पश्चात विगतको कार्यकाल विभिन्न ऐन, कानून, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड तयार गर्ने र स्थानीय शासनका अभ्यासहरुका साथै लामो समय जनप्रतिनिधि अभावका कारण अल्झिएका समस्या समाधानमा व्यथित भयो । आगामी कार्यकाल विकासका लागि फलदायी हुने अपेक्षा गर्दछु ।

मैले माथि प्रस्तुत गरेको यस गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सबै क्षेत्रबाट उल्लेखनिय सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।यस नीति तथा कार्यक्रम तर्जुमा गर्न मार्गदर्शन गर्ने नेपाल सरकारका निकायहरु, प्रदेश सरकार, स्थानीय आम नागरिक, जनप्रतिनिधिहरु लगायत सबैप्रति आभार प्रकट गर्न चाहान्छु । यस नीति तथा कार्यक्रम तयार गर्न अहोरात्र खटिनुहुने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै कर्मचारी मित्रहरुमा विशेष धन्यवाद दिन चाहान्छु ।

अन्तमा गाउँपालिकाको श्रीवृद्धिका लागि गाउँपालिकाबाट संचालित सबै क्षेत्रका कार्यक्रम तथा क्रियाकलापहरुको सफल कार्यान्वयनमा सदासर्वदा सबैको साथ र सहयोगको अपेक्षा गर्दछु ।
धन्यवाद ।

कान्छा घले
अध्यक्ष
मनाङ डिस्याङ गाउँपालिका
हुम्डे, मनाङ
मिति २०८१ असार १० गते